Regional News Bulletin June 28, 2026

यो आकाशवाणी गान्तोक हो।

## Man Ki Baat: NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आकाणवाणीमा **मन की बात** कार्यक्रममा आफ्नो विचार साझा गर्नुभयो। उहाँले हाल देशमा थप ४० वटा विमानहरू निर्माण भइरहेको, जसले गर्दा सूक्ष्म, साना र मध्यम उद्यम क्षेत्र र एयरोस्पेस क्षेत्रलाई बढावा मिल्ने, नयाँ रोजगारीका अवसरहरू सिर्जना हुने र आत्मनिर्भर भारतको सङ्कल्प बलियो बन्ने बताउनुभयो। साथै, उहाँले विश्वव्यापी रूपमा मनाइने अन्तर्राष्ट्रिय योग दिवसका बारेमा चर्चा गर्नका साथै राष्ट्र निर्माणमा जनताको सहभागिता भारतका लागि गर्वको विषय भएको बताउनुभयो।

## Sikkim Rainfall: DD Lulal

भारतीय मौसम विभागले सिक्किमभरि अरेन्ज र येल्लो मौसम चेतावनी जारी गर्दै, राज्यमा जून २८ देखि जून ३० सम्म भारी वर्षा हुने जनाएको छ। जून २८ र २९ मा मङ्गन, नाम्ची, पाकिङ र सोरेङ जिल्लाहरूमा भारीदेखि अत्यन्तै भारी वर्षा हुने अनुमान गरिएको छ भने गान्तोक र गेजिङमा मेघगर्जन र चट्याङसहित भारी वर्षा हुने सम्भावना छ। अनि जून ३० मा, नाम्ची, पाकिम र सोरेङमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। भारतीय मौसम विभागले पहिरो, अचानक बाढी, पानी जम्ने, सडक अवरुद्ध, बालीनालीमा क्षति अनि यातायात र उड्डयन सेवाहरूमा अवरोध हुन सक्ने सतर्क गराएको छ।

बासिन्दाहरूलाई आँधीबेहरीको समयमा जोखिमपूर्ण क्षेत्रहरूबाट बच्न, ट्राफिक सल्लाह-सुझावहरू पालना गर्न, सडक जाँच गर्न र घरभित्रै रहन सल्लाह दिएको छ।

## Mangan Rainfall: Wangchuk Bhutia

जङ्गुको फिदाङमा रहेको फि खोलाको बेली ब्रिज हिजो रातिको भारी वर्षाले पूर्ण रूपमा बगाएको छ, जसले गर्दा फिदाङ-सङ्कलङ मार्ग सम्पर्कविहीन भएको छ। मङ्गनका जिल्लापाल श्री अनन्त जैनले एसपी मङ्गन, महकुमा अधिकारी जङ्गु, पञ्चायत सदस्यहरू र जी.आर.ई.एफ.का साथमा आज बिहान घटनास्थलको भ्रमण गरी स्थितिको मूल्याङ्कन गर्नुभयो र नयाँ बेली ब्रिज पुन: सञ्चालनको काम तुरुन्तै सुरु गर्ने निर्णय गर्नुभयो। यस स्थानमा ट्रान्सशिपमेन्ट सम्भव छैन। त्यस्तै, काबी-लुङ्त्सोक निर्वाचन क्षेत्रको लोअर तानेक वार्ड अन्तर्गत वन चेक पोस्ट नजिकै दिक्चु नयाँ बजारमा आज ढुङ्गा खसेर दुई घर क्षतिग्रस्त भएका छन्। अनि पूर्व सिक्किमको तल्लो राकडङको डिक्चु बजार नजिकै एउटा घर पनि आज बिहान पहिरोबाट क्षतिग्रस्त भएको रिपोर्ट प्राप्त भएको छ।

## Pakyong-MLA Laptops: DD Dulal

नाम्चेबोङ निर्वाचन क्षेत्रका क्षेत्रीय विधायक राजु बस्नेतले निर्वाचन क्षेत्र विकास कोषमार्फत भीआईपी कोलोनीमा आयोजित कार्यक्रममा यस क्षेत्रका कक्षा १२ उत्तीर्ण १७ जना विद्यार्थीहरूलाई नि:शुल्क ल्यापटप वितरण गर्नुभयो। यस पहलको उद्देश्य कक्षा १२ पछि उच्च शिक्षा हासिल गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्नु अनि भर्ना शुल्क र अन्य खर्च धान्नमा अभिभावकहरूको आर्थिक बोझ कम गर्नु हो। अभिभावक र विद्यार्थीहरूले श्री बस्नेतलाई उहाँको उदारता र समयानुकूल सहयोग प्रदान गरेकामा हार्दिक आभार व्यक्त गरे। भेलालाई सम्बोधन गर्दै, श्री बस्नेतले अर्को वर्षदेखि कक्षा १२ मा ७० प्रतिशत

र सोभन्दा माथि अङ्क प्राप्त गर्ने नाम्चेबोङ निर्वाचन क्षेत्रका सबै विद्यार्थीहरूलाई नि:शुल्क ल्यापटप प्रदान गरिने घोषणा गर्नुभयो।

## SFA-AIFF: DD Dulal

सिक्किम फुटबल संघ र अखिल भारतीय फुटबल महासंघ, ए.आई.एफ.एफ-को मार्गदर्शनमा गेजिङ जिल्ला फुटबल संघले आगामी जी.डी.एफ.ए सी डिभिजन लिग, अन्तरविद्यालय अन्डर-१५ छात्र तथा अन्डर-१७ छात्रा फुटबल लिग सम्बन्धी समन्वय बैठक आयोजना गरेको छ। बैठकमा विभिन्न क्लबका खेलाडीहरूको ए.आई.एफ.एफ.को क्लब दर्ता प्रणालीअन्तर्गत अनिवार्य दर्ताबारे छलफल गरियो। सबै क्लबलाई आगामी एक महिनाभित्र अथवा लिग सुरु हुनुअघि सी.आर.एस दर्ता प्रक्रिया पूरा गर्न अनुरोध गरिएको छ। बैठकमा आगामी सी डिभिजन लिग तथा अन्डर-१५ छात्र र अन्डर-१७ छात्रा अन्तरविद्यालय लिग आगामी अगस्त महिनाको अन्त्यसम्म आयोजना गरिने विषयमा पनि छलफल भयो।

## Namchi-Footbal tournament: IPR

खेलकुद तथा युवा मामिला विभागले जिल्ला प्रशासन, नाम्चीसँगको सहकार्यमा तेस्रो नाम्ची जिल्ला अन्तर-विभाग फुटबल प्रतियोगिता भर्खरै सम्पन्न गऱ्यो। यस प्रतियोगितामा २० विभागीय टोलीहरूको उत्साहजनक सहभागिता रहेको थियो। यस कार्यक्रमको उद्देश्य फुटबलको भावना मार्फत सरकारी कर्मचारीहरूमा शारीरिक तन्दुरुस्ती, स्वस्थ जीवनशैली, टिमवर्क, अनुशासनको प्रवर्धन गर्नु रहेको थियो।

**आकाशवाणी गान्तोकबाट प्रदेशिक समाचार पूरा भयो।**